## अपिहिमाल गाउँपालिकाको वर्तमान अवस्थाको वास्तविक चित्र (स्वयत पत्र) २०७९.

**आदरणिय अपिहिमालवासी सम्पूर्ण जनसमुदायहरु,**

सर्व प्रथम स्थानीयतहको दोस्रो निर्वाचनमा हामीलाई अमुल्य मत दिएर विजय गराउनु भएकोमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछौ।हामी निर्वाचित भएर जिम्मेवारी सम्हाले पछी विगतको सरकारले पाँच (५) वर्ष सम्म गरेको काम र हाल सम्मको गाउँपालिकाको समग्र अवस्था कस्तो छ भनी सवै जनताहरु लाई सुसूचित गर्न उपयुक्त ठानेर स्वत पत्र जारी गर्ने निर्णय अनुरुप यो स्वतपत्र जारी गरिएको छ। विभिन्न कारणले स्वतपत्र समयमै जारी गर्न नसकेकोमा क्षमा चाहान्छौ।

१) पृष्ठभुमीः

नेपालको संविधान जारी भैसकेपछी संघीय राज्य व्यवस्था स्थापना संगै तीन तहको सरकार गठनभै जनताको घरदैलोको सरकार स्थानीय तहको प्रथम निर्वाचन २०७४ सालमा भएको थियो। यस अपिहिमाल गाउँपालिकामा पनि २०७४ सालको निर्वाचनबाट निर्वाचित सरकारले विगत ५ वर्ष सम्म अपिहिमाल गाउँपालिकाको विकास सम्वृद्धी र सुशासनको जग वसाउने जिम्मेवारी जनताहरुले सुम्पेका थिए तर पनि गाउँपालिकाको दिर्घकालिन लक्ष्य, उद्धेश्य अनुरुप योजनाबद्ध विकास गर्न नसक्नुको कारण उल्लेखनिय मात्रामा प्रगति हुन नसकेको देखिन्छ। विकेन्द्रित सोच तथा टुक्रे योजनाको कारण उपभोगवादी ,व्यक्तिगत स्वार्थहरुको विकास भएको देखिन्छ भने जनताहरु स्वरोजगार तर्फ लाग्ने भन्दा सरकारी अनुदानको भरमा वाच्ने र आफ्नो कृषि उत्पादनमा लागि मेहनत गर्ने सोच विस्तारै कमहुँदै गएको देखिन्छ। यद्धपी थोरै भएपनी विकासमा भौतिक संरचना निर्माणका सुरुवात भएका छन्। खास गरि प्रशासकीय भवन, १० शैया अस्पताल,वडा कार्यालय भवनहरु जस्ता संरचना निर्माणको काम सुरुवात भएको छ। गाउँघरतिर पि.सि.सि.बाटाहरु निर्माण सम्पन्नको चरणमा देखिन्छ।

**आदरणिय जनसमुदायहरु यस गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक वजेटको सामान्य चित्रण यस प्रकार देखिन्छ।**

आ.व.२०७८/०७९ को वार्षिक वजेट रु.३३ करोड २६ लाख ९० हजार

वास्तविक स्रोत सुनिश्चित भएको रकम रु. २९ करोड ७५ लाख ५४ हजार

स्रोत सुनिश्चित नभएको उधारो वजेट रकम रु. ३ करोड ५१ लाख ३६ हजार

यसरी आ.व.२०७८/०७९ को वार्षिक वजेट नै घाटा वजेट ल्याएर पुँजिगत तथा चालु खर्च तर्फ अनावश्यक योजना तथा कार्यक्रम थप गरिएको देखिन्छ। यस वजेटको कारण नयाँ आर्थिक वर्ष २०७९/०८० को बजेटमा समेत प्रत्यक्ष असर पर्ने देखिन्छ। खास गरि स्रोत सुनिश्चित नभएको घाटा वजेट वनाएर योजना तथा कार्यक्रममा भुक्तानीको दायित्व नयाँ आ.ब.मा सार्नुपर्ने देखिन्छ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

गा.पा अध्यक्ष

साथै निर्वाचनमुखी कार्यकर्ता भर्ति केन्द्रको रुपमा गाउँपालिकालाई बनाई यसै आ.ब.मा कर्मचारी दरबन्दी तथा भर्ना गरि चालु तर्फको बजेट अपुग हुने देखिन्छ । यसले नयाँ भर्ना भएका शिक्षक, बालशिशु सहजर्कताहरुको त.भ.दिनलाई समेत अपुग हुने देखिन्छ ।

## २) विषयगत क्षेत्र अनुसार हाल सम्मको अपिहिमाल गाउँपालिकाको स्थितिः

### १.आर्थिक विकास क्षेत्रः

### क) कृषि तथा पशुपालन

अपिहिमाल गाउँपालिका दुर्गम तथा पिछडिएको क्षेत्र हो यहाँका जनता झण्डै ९० प्रतिशत कृषि पेशामा आधारित छन् । कृषि क्षेत्रमा लगानी बढाई कृषि आधुनिकिकरण गर्न सकिने सम्भावना हुँदाहुँदै पनि विगतको सरकारको कृषि तथा पशुपालनमा ध्यान नगएको देखिन्छ । हाल सम्म पनि कृषि तथा पशुपालन क्षेत्रमा कुल बजेटको २ प्रतिशत पनि छुट्र्याएको देखिदैन । विशेष अनुदान तर्फको बजेटले कृषि र पशुपालनमा थौरै वजेट देखिएकोमा त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा कृषि तथा पशुपालन क्षेत्रमा प्रगति भएको देखिदैन । भेडा बाख्रा पालन तथा तरकारी खेतिमा विनियोजित भएको वजेटमा समेत व्यापक जनगुनासोहरु आएको देखिन्छ ।जसले गर्दा किसानको जीवनस्तरमा सुधारहुनुको साटो कार्यकर्तामुखि वजेट विनियोजित भई जनताहरुको पालिका प्रतिको वुजाई समेत अनुदानमुखी धारणा वनेको तर आफ्नो स्वलगानी तथा मिहेनत गरेर व्यवसाय गर्नुपर्छ भन्ने धारणा समेत कम भएको देख्न सकिन्छ । अतःकृषि तथा पशुपालन क्षेत्रको प्रगति न्युन देखिन्छ ।

### ख) लघु उद्यम तथा आयआर्जन सम्वन्धी क्षेत्रः

हाल सम्म पनि लघुउद्यमको क्षेत्र तथा आयआर्जन क्षेत्रको कुनै प्रगति भएको देखिदैन । खास गरि नयाँ उद्यमी वनेको, आयआर्जन वृद्धी भएको र मानिसहरु स्वरोजगार वनेको देखिदैन । परम्परागत पेसा व्यवसाय तथा कृषिकार्य बाहेक कुनै व्यक्ति वा समुह उद्यमी भएको देखिदैन । मानव विकास सुचकाङ्क मा समेत ०.४६ मात्रै रहेको छ भने अपिहिमालको प्रति व्यक्ति आय वार्षिक ६८४५० मात्रै रहेको देखिन्छ । ग्रामीण जलस्रोत परियोजनाले आयआर्जन सम्वन्धी केही क्रियाकलाप गरेको भएतापनि पालिकाको तर्फबाट थप परिणाम मुखी कृयाकलापहरु देखिदैन । पछिल्लो समय लघु उद्यम शाखाबाट उद्यमशिलता सम्वन्धि सामान्य कृयाकलापको सुरुवात भएतापनि त्यसको प्रभावकारी विकास भएको छैन । यसरी लघुउद्यम तथा घरेलु उद्योगहरु मार्फत स्वरोजगार बन्ने तथा आयआर्जनमा सहयोग पुग्ने कुरामा अपिहिमाल गाउँपालिका धेरै पछाडि परेको देखिन्छ । फलस्वरुप गरिविको रेखामुनि हाल पनि ३२ प्रतिशत जनता रहेको तथ्यांकले देखाउँछ ।

### ग) संस्कृती तथा पर्यटन

अपिहिमाल गाउँपालिका विविध संस्कृतिको धनीक्षेत्र हो । यहाँको धर्म,संस्कृति,रितिरिवाज,भेषभुषा तथा मुल्यमान्यताको संरक्षण तथा विकास गर्न सके यहाँको जीवनस्तरमा थप विकास हुने थियो तर विगतको

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

गा.पा अध्यक्ष

सरकारले संस्कृतिक क्षेत्रमा उल्लेखनिय कामगर्न नसक्दा यहाँको क्षेत्तेलि भाषा लोपउन्मुख अवस्थामा छ भने मल्देशी भेषभुषा संस्कृतिको समेत विकास हुन सकेको छैन । साथै क्षेत्तेली,शौका समुदायको भाषा संस्कृतिको संरक्षण र विकासमा समेत कुनै पनि कृयाकलाप भएको देखिदैन ।

अपिहिमाल गाउँपालिका धार्मिक तथा प्राकृतिक पर्यटकीय क्षेत्रमा रुपमा चिनिन्छ । तर पनि पर्यटन क्षेत्रको विकासमा प्रभावकारी कदम नचाल्दा यस क्षेत्रको विकास प्राय शुन्य नै देखिन्छ । हाल सम्म पनि पर्यटन गुरुयोजना नहुँदा पर्यटकीय रुटहरु नवन्दा अथवा पर्यटन पुर्वाधार नवन्दा तथा यसको उल्लेखनिय प्रचारप्रसार नहुँदा यस क्षेत्रको विकास पनि नभएको देखिन्छ ।

**२) सामाजिक बिकास**

**क) स्वास्थ्यः**

आधारभुत स्वास्थ्य उपचार नागरिकहरुको मौलिकहकको रुपमा रहेको छ । अपिहिमाल गाउँपालिकामा स्वास्थ्यमा दक्ष जनशक्तिको अभाव,औषधीको अभाव,स्वास्थ्य उपकरणहरुको अभावको कारण यहाँका जनताहरुले आधारभुत स्वास्थ्य उपचार पनि नपाएको स्थिति देखिन्छ । हाल सम्म यस गाउँपालिकामा २ वटा स्वास्थ्य चौकी ४ वटा सामुदायिक स्वास्थ्य केन्द्र ६ वटा वर्थिङ सेन्टर र ६ वटा खोप केन्द्रहरु रहेका छन् । यि स्वास्थ्य केन्द्रहरुमा औषधीको अभाव तथा जनशक्तीको अभावका कारण प्रभावकारी सेवा प्रवाह गर्न सकीरहेको छैन । हाल निर्माणाधिन १० शैया अस्पातालको समेत निर्माणमा कुनै प्रगति भएको छैन ।

यहाँका जनताहरुले सामान्य उपचारको लागि हाल पनि मार्मा गाउँपालिकाको सिमार,लटिनाथका मेडिकल तथा स्वास्थ्य केन्द्रमा भरपर्नु पर्ने स्थिति देखिन्छ भने स्वास्थ्य उपचारका लागि दार्चुला, धनगढी, नेपालगंज, काठमाडौं सम्म जानुपर्ने अवस्था रहेकोछ । जसले गर्दा जनताहरुको लाखौ रकम स्वास्थ्य उपचारको नाममा खर्चहुने गरेको छ ।

स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी देखिदैन ,जेष्ठनागरिक निःशुल्क स्वास्थ्य विमा कार्यान्वयनमा देखिदैन गम्भिर प्रकृतिका विरामीहरुलाई नेपाल सरकारले दिदै आएको मासिक औषधी उपचार खर्च पनि व्यवस्थित भएको छैन ।

**ख) शिक्षाः**

शिक्षा क्षेत्रको विकास सवै भन्दा अपरिहार्य आवश्यक्ता हो । भोलिको समाजको चित्रण आजको शिक्षा क्षेत्रको अवस्थाले बताउँछ । अपिहिमाल गाउँपालिकाको शिक्षा क्षेत्रको अवस्था नाजुक अवस्थामा रहेको देखिन्छ ।शिक्षा क्षेत्रमा स्थानीय सरकारको लगानी उल्लेखनिय मात्रामा भएपनी त्यसमा सुधारको अवस्था देखिदैन । शिक्षा क्षेत्र सुधार कार्यक्रम मार्फत गा.पा.शिक्षक तथा विद्यालय कर्मचारीहरुको भर्ना अत्याधिक

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदुरपश्चिम प्रदेश,नेपाल
गा.पा अध्यक्ष

भएको देखिन्छ । भने समुदाय स्तरमा बालबिकास केन्द्रहरुको अवैज्ञानीक वितरणले स्थानीय सरकारको लगानी बालुवामा पानी जस्तै देखिन्छ ।

**हाल शिक्षा शाखा,शिक्षक तथा कर्मचारीहरुको विवरण यस प्रकार देखिन्छ ।**

| क्र.स | तहः | स्थायी | अस्थायी/करार /राहत | गा.पा.शिक्षक | खेल शिक्षक | लेखापाल | बालविकास | का.स. | शिक्षा शाखा | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | प्रा.वि | २५ | २७ | २४ | ० | २ जना संघ ,बाँकी ६ पालिका बाट | १२ संघ,बाँकी २७ पालिका बाट | २४ जना संघ,बाँकी ५ जना पालिकाबाट | २ जना दरवन्दी, ४ जना पालिकाबाट/१ जना काज र १ जना का.स. | |
| २. | नि.मा.वि | ६ | ८ | २२ | ० | | | | | |
| ३. | मा.वि ९-१० | २ | ६ | १० | ४ | | | | | |
| ४. | मा.वि.११-१२ | ० | ४ | २ | | | | | | |
| जम्मा: | | ३३ | ४५ | ५८ | ४ | ८ | ३९ | २९ | ८ | २२४ |

शिक्षा क्षेत्रमा स्थानीय सरकारको लगानी धेरै देखिए पनि शैक्षिक गुणस्तर दिनानुदिन घटिरहेको देखिन्छ ।

अपिहिमाल गाउँपालिकामा हाल सम्म पनि साक्षर दर ८२% मात्र देखिन्छ भने विद्यालय भर्ना दर पनि ७४% मात्रै देखिन्छ । विद्यार्थिहरुको सिकाइ उपलब्धी समेत न्युन रहेको यस अपिहिमालमा समग्रमा शिक्षा क्षेत्र नाजुक रहेको देखिन्छ । शैक्षिक क्षेत्रको विकासमा हामी सधै सरोकारवाला सचेत भएर लाग्न जरुरी देखिन्छ ।

**३) संस्थागत विकास तथा सुशासन**

संघीय राज्य व्यवस्था बमोजिम स्थानीय तहको गठन भएको हो । नयाँ व्यवस्था भएको हुँदा हाम्रो जस्तो दुर्गम पालिकामा संस्थागत विकास तथा कर्मचारी अभाव स्वभाविक भएतापनि पछिल्लो वर्षहरुमा लोकसेवा आयोगबाट कर्मचारीहरुको पदपुर्ती भएता पनि विभिन्न कारणले कर्मचारीहरु सरुवा भएर जाने र सधैभरी कर्मचारीको अभाव मै स्थानीय करार कर्मचारीहरुबाट काम चलाउनुपर्ने वाध्यता रहेको देखिन्छ । करार कर्मचारी भर्ना पालिकाको आर्थिक स्रोतले धान्न नसकिने गरि आवश्यक्ता भन्दा बढी भर्ना गर्दा विकास निर्माणमा खर्च गर्ने पैसा करार कर्मचारी व्यवस्थापनमा खर्च भएको देखिन्छ । हाल विभिन्न शाखा तथा सेवाका कर्मचारीहरुको संख्या १३९ जना कार्यरत रहेका देखिन्छन । ति मध्ये स्थायी कर्मचारीहरु जम्मा १२ जना मात्र रहेका देखिन्छन ।कर्मचारीहरुको सही व्यवस्थापन नहुँदा सेवा प्रवाहमा समेत समस्या रहेको देखिन्छ । संगठन व्यवस्थापन तथा कर्मचारी दरवन्दी निर्धारण (O&M)नहुँदा पालिकाको संस्थागत विकासमा समेत असर गरेको देखिन्छ ।शाखाहरुको उचित व्यवस्थापन समेत नभएको कारण पालिकाको अधिकार क्षेत्रभित्र भएका थप सेवा सुविधाहरु पनि जनताहरुले नपाएको देखिन्छ ।

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

गा.पा अध्यक्ष

अपिहिमाल गाउँपालिका

राजस्व सुधार योजना नवन्दा आन्तरिक राजस्व अति न्युन रहेको र त्यस तर्फ सुधारको योजना नवन्दा अप्ठ्यारो भएको देखिन्छ । गाउँपालिकाको आफ्नो (Village Profile) गाउँपाश्वचित्र नहुँदा वास्तविक तथ्याकं नपाइने र योजना तथा कार्यक्रमहरु निर्माणमा समेत समस्या पर्ने देखिन्छ । पालिकाको दिर्घकालिन सोच तथा रणनिति सहितको आवधिक रणनितिक योजना नवन्दा तथा मध्यकालिन खर्च संरचना समेत नवन्दा वित्तिय क्षेत्र तथा योजनागत विकासमा समेत समस्या रहेको देखिन्छ । हाल गाउँपालिकाको वेरुजु रकम अत्यधिक रहेको छ। आ.व.२०७६/०७७ र आ.व.०७७/०७८ को मात्र वेरुजु रकम पाँच करोड पचपन्न लाख असी हजार (रु.५,५५.८०,०००/) रहेको देखिन्छ ।

आदरणिय जनसमुदायहरु, माथि उल्लेखित गाउँपालिकाको वास्तविक चित्रणले अपिहिमाल गाउँपालिका विकासको हिसावले अत्यन्तै पिछडिएको दुर्गम गाउँपालिका रहेको र यसको संस्थागत विकास तथा योजनागत विकासमा अत्यन्तै कमजोर रहेको हुँदा यस पालिकाको बिकासमा सबै सरोकारवालाहरु मिली मेहनतका साथ अघिबढ्नु पर्ने देखिन्छ ।

अपिहिमाल निर्माणमा विगतमा भएका राम्रा प्रयासहरुलाई समेटेर तथा नराम्रा कामहरुबाट पाठ सिक्दै नयाँ शिराबाट विकास र समवृद्धिको यात्रा तय गर्नुपर्ने छ ।अपिहिमाल गाउँपालिकालाई सुन्दर संवृद्ध र विकासित अपिहिमाल वनाउन सवै राजनितिक दल नागरिक समाज तथा सरोकारवाला सवैमा हार्दिक अपिल गर्दछु ।

भक्त सिंह ठेकरे बोहरा
अध्यक्ष
अपिहिमाल गाउँपालिका दार्चुला

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

गा.पा अध्यक्ष

अपिहिमाल गाउँपालिका